# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१२ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला जाजरकोट, कुशे गाउँपालिका, वडा नं. २ स्थित श्री मान्नेढुङ्गा माध्यमिक विद्यालयमा आ.व. २०७१/०७२ देखि आ.व. २०७३/०७४ सम्मको जिल्ला शिक्षा कार्यालयबाट प्राप्त पुस्तकालय अनुदान बापतको रकम विद्यालयका पदाधिकारी तथा कर्मचारीहरूले सापटी लिएकोमा सो रकम फिर्ता नगरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला जाजरकोट, कुशे गाउँपालिका, वडा नं. २ स्थित श्री मान्नेढुङ्गा माध्यमिक विद्यालयमा आ.व. २०७३/०७४ को जिल्ला शिक्षा कार्यालयबाट प्राप्त पुस्तकालय अनुदान बापतको रकम तत्कालीन विद्यालय व्यवस्थापन समिति सदस्य जनक बहादुर नेपाली, तत्कालीन प्रधानाध्यापक धन बहादुर सिंह, तत्कालीन लेखा सहायक धिरेन्द्र बहादुर सिंह र तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष हरिचन्द्र जैसीले एकआपसमा मिलेमतो गरी सरकारी/सार्वजनिक संस्थालाई हानिनोक्सानी पुऱ्याउने बदनियतले कानुन विपरीत ऋण सापटी लिएको देखाई विद्यालयको रकम गैरकानुनी रूपले मिलीजुली बाँडीचुँडी लिई हालसम्म रू.१७,४१,४४६/- (सत्र लाख एकचालिस हजार चारसय छयालिस रूपैयाँ) हिनामिना, हानिनोक्सानी गरेको देखिएकोले निज प्रतिवादीहरूलाई देहायबमोजिमको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्र.सं. | नाम थर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | श्री मान्नेढुङ्गा माध्यमिक विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **हरिचन्द्र जैसी** | रू.१७,४१,४४६/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो सत्र लाख एकचालिस हजार चारसय छयालिस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | श्री मान्नेढुङ्गा माध्यमिक विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समिति सदस्य **जनक बहादुर नेपाली** | रू.१,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एक लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन,२०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र |

| | | | |
|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | श्री मान्त्रेढुङ्गा माध्यमिक विद्यालयका तत्कालीन लेखा सहायक **धिरेन्द्र बहादुर सिंह** | रू.१७,४१,४४६/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो सत्र लाख एकचालिस हजार चारसय छयालिस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | श्री मान्त्रेढुङ्गा माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक **धन बहादुर सिंह** | रू.१७,४१,४४६/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो सत्र लाख एकचालिस हजार चारसय छयालिस रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम असुल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने